**अनुसूची (२)**

(दफा ४ तथा अनुसूची- १ को भाग- २ संग सम्बन्धित)

# बढैयाताल गाँउपालिका


बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ६ राजपत्रमा प्रकासित मितिः २०८१।८।१६


भाग-२

बढैयाताल गाउँपालिका

**<u>२०८१ सालको कार्यबिधि नं ११</u>**

# विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।१३

अध्यक्षवाट प्रमाणित मिति २०८१।०८।१३

**प्रस्तावना**

बढैयाताल गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको समग्र शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक पक्षको नेतृत्वदायी भूमिका निर्वाह गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न र विद्यालयको प्रमुख कार्यकारीको रुपमा काम गर्नकालागि तहगत रुपमा स्थायी, योग्य दक्ष र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नुपर्ने भएकोले गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्थायी दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट तहगत रुपमा एउटा पनि दरबन्दी नभएका सामुदायिक विद्यालयहरुमा स्थायी शिक्षकहरुलाई पदस्थापन नभएसम्मका लागि दरबन्दी मिलान गरी (काजमा खटाई) तोकिएको प्रक्रिया अनुसार ५ वर्षका लागि विद्यालयको तहगत रुपमा प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापकको व्यवस्था गर्ने गराउने प्रयोजनार्थ विद्यालयमा दरबन्दी, तह र कक्षा मिलान तथा प्रधानाध्यापक व्यवस्थापन गर्न र काजमा खटाइएका वा दरबन्दी मिलान भई अन्य विद्यालयमा जाने शिक्षकको सट्टामा गाउँपालिकाबाट पालिका शिक्षकको दरबन्दी सिर्जना गरी तोकिएको तलब भत्ता अनुदान दिने व्यवस्था गरिने छ। यसरी दरबन्दी मिलानका लागि शिक्षकलाई काजमा खटाउँदा शिक्षक विद्यार्थी अनुपातलाई प्रमुख आधार बनाइने छ। यसको साथ साथै विद्यालयको सेवा क्षेत्र, विद्यालयको तह र विषयलाई पनि दरबन्दी मिलानको आधार बनाइने छ । उपरोक्त कार्यहरु गर्नका लागि कार्यविधि बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७, दरबन्दी मिलान २०७६ र बढैयाताल गाउँपालिकाको शिक्षा ऐन २०७९ को

बढैयाताल गाँउपालिका

दफा २७ ले दिएको अधिकार प्रयोग गरी यो सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०८१ बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस कार्यविधिको नाम " **विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०८१**" रहेको छ ।

(ख) यो कार्यविधि बढैयाताल गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुका शिक्षकको दरवन्दी मिलान (काज व्यवस्थापन) तथा प्रधानाध्यापक व्यवस्थापन, विद्यालयको तह/कक्षा मिलान गर्ने सम्वन्धमा मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि बढैयाताल गाउँकार्यपालिकाले पारित गरी प्रमाणीकरण गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः,-**

**(क)"ऐन"** भन्नाले बढैयाताल गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७९ सम्झनु पर्छ ।

**(ख) "प्रधानाध्यापक** भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निवार्ह गर्ने विद्यालयको प्रमुख कार्यकारी सम्झनु पर्छ ।

**(ग)"गाउँपालिका"** भन्नाले बढैयाताल गाउँपालिका सम्झनु पर्छ ।

(घ)**"शाखा"** भन्नाले बढैयाताल गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

**(ङ)"विद्यालय"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि बाह्र कक्षा सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ ।

**(च) "समिति"**भन्नाले सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक .ब्यवस्थापन कार्यविधि २०८१ को बुँदा नं. ४.२ बमोजिमको शिक्षक दरवन्दी मिलान (काज व्यवस्थापन) सिफारिस समिति सम्झनु पर्छ ।

**(छ) "पालिका शिक्षक"** भन्नाले यस गाँउपालिकाले आफ्नै अन्तरिक स्रोतवाट सेवासुविधा (तलव भत्ता) उपलब्ध गराउने गरी व्यवस्थापन गरिएका शिक्षक सम्झनु पर्छ ।

**(ज) काज व्यवस्थापन भन्नाले** :विद्यार्थी संख्याको आधारमा न्यून दरबन्दी भएका र तहगत दरबन्दी नभएका माध्यमिक तथा आधारभूत विद्यालयमा तहगत र विषयगत रुपमा गरिएको शिक्षकको काज व्यवस्थापनलाई सम्झनु पर्छ ।

**(झ) दरवन्दी मिलान** : भन्नाले माध्यमिक विद्यालय र आधारभूत तहका शिक्षकहरुको शिक्षक विद्यार्थी अनुपातका आधारमा गरिएको शिक्षक व्यवस्थापन सम्झनु पर्छ ।

**ञ) प्र.अ.**भन्नाले माध्यमिक विद्यालय र आधारभूत तहका प्रधानाध्यापक सम्झनु पर्छ

**ट)वि.व्य.स.**भन्नाले सामुदायिक विद्यालयको माध्यमिक तह, निम्न माध्यमिक विद्यालय तह र प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन सम्झनु पर्छ ।

**ठ)गा.पा.**भन्नाले बढैयाताल गाउँपालिकासम्झनु पर्छ ।

**ड) सिफारिस समिति** भन्नाले सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान ( शिक्षक काज) तथा तहगत प्रधानाध्यापक व्यवस्थापन गर्नका लागि कार्यविधिको बुदा नं ४ को २ बमोजिम वनेको गठित समितिलाई सम्झिनु पर्छ ।

**ढ)प्रा.वि.**भन्नाले साविकको प्राथमिक विद्यालयलाई सम्झनु पर्छ ।

**ण)मा.वि.**भन्नाले साविकको माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

बढैयाताल गाउँपालिका

**त) पि.टि.ए.**भन्नाले अभिभावक शिक्षक संघ सम्झनु पर्छ ।

**थ) विज्ञ** भन्नाले शिक्षक क्षेत्रमा अधिकृत स्तर वा सो भन्दा माथि कम्तिमा १० वर्ष स्थायि सेवा गरेको व्यक्तिलाइ सम्झनु पर्दछ ।

द) **तह मिलान** भन्नाले आ वि र मा वि मा भएका शिक्षक विद्यार्थि सख्या र भौगोलिक दुरीको आधारमा विद्यालयको कक्षा र तह घटाउने भन्ने सम्झनु पर्दछ ।

## ३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

(१) विद्यालयको कार्यकारी प्रमुखको रुपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकले विद्यालयको समग्र प्रशासनिक र शैक्षिक उत्तरदायित्व बहन गर्नु पर्नेछ ।

(३) बढैयाताल गाँउपालिका भित्रका सवै तहका विद्यालयहरुमा संघीय शिक्षा ऐन २०२८ , शिक्षा नियमावली २०५९ (शंसोधन सहित) तथा स्थानीय शिक्षा ऐन २०७९ अनुसार प्रधानाध्यपकको लागि योग्यता पुगेका शिक्षकलाई तहगत प्रधानाध्यपकको जिम्मेवारि दिइनेछ।

## ४. विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी व्यवस्था

**(१)**. बढैयाताल गाउँपालिकाको शिक्षा ऐन २०७९ को दफा २७, तथा दरबन्दी मिलान कार्यविधि २०७६ बमोजिम यस बढैयाताल अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा तहगत रुपमा एउटा पनि स्वीकृत दरबन्दी नभएका सामुदायिक विद्यालयहरुको माध्यमिक तह, निम्न माध्यमिक तह र प्राथमिक तहमा स्वीकृत दरबन्दी भएका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट स्थायी शिक्षकलाई पदस्थापन नभएसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि पदाधिकार रहेको साविक कै विद्यालयमा पदाधिकार कायम हुने गरी तहगत रुपमा क्रमश: प्राथमिक, आधारभूत र माध्यमिक तहको शिक्षकलाई यसै कार्यविधिको बुँदा नं. ४.२ बमोजिम गठित समितिको सिफारिसमा गाउँशिक्षा समितिले दरबन्दी मिलान (काज व्यवस्थापन) र कक्षा वा तह मिलान कार्य गर्नेछ । दरवन्दी मिलानका लागि काज व्यवस्थापन गर्दा यसै कार्यविधिको अनुसूची १ बमोजिमको दाँचामा स्थायी शिक्षकहरुबाट निवेदन माग गरी कार्यविधिको बुँदा नं. ६.१ मा उल्लेखित मापदण्डको आधारमा मूल्याङ्कन गरी शिक्षा समितिले दरवन्दी मिलान (शिक्षकलाई काजमा खटाउने काम) गर्नेछ । यसरी काजमा खटाएका शिक्षकको विकल्पमा गाउँपालिकाबाट काजमा खटाइएको शिक्षक फिर्ता नभएसम्मका लागि नियमित रुपमा पालिका शिक्षकको तलब भत्ता अनुदान दिने व्यवस्था गरिने छ । विद्यालयले पालिका शिक्षकको नियुक्तिका लागि प्रचलित नियम कानून अनुसार प्रक्रिया पूरा गरी पालिका शिक्षकको नियुक्ति गर्ने छ । त्यसै गरी संघीय शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ (संशोधन सहित) बढैयालात गाउँपालिकाको शिक्षा ऐन २०७९ को आधारमा मापदण्ड भन्दा कम विद्यार्थी संख्या भएका सामुदायिक तथा धार्मिक विद्यालयहरुको कक्षा घटुवा गरी शिक्षक दरबन्दी पुलमा राखी बढी विद्यार्थी सख्या भएको पायक पर्ने विद्यालयमा गाभिने छ र शिक्षा ऐन नियमावलीमा भएको व्यवस्था अनुसारको मापदण्ड बमोजिम विद्यार्थी संख्या पुरा भएपछि पुलमा राखिएको शिक्षकलाई सोही विद्यालयमा फिर्ता गरी साविक कै कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**(२) विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन सिफारिस समिति :-**

विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापनका लागि देहाए बमोजिमका सदस्यहरु रहेको एक समिति रहनेछ :-

| | |
|---|---|
| १) गाँउ शिक्षा समितिका अध्यक्ष | - संयोजक |
| २) गाँउपालिकाको उपाध्यक्ष | - सह संयोजक |

३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४) सामाजिक विकास समितिको संयोजक - सदस्य
५) गाँउ शिक्षा समितिका अध्यक्षले स्थानीय विज्ञहरु मध्येवाट मनोनित गरेका १ जना -सदस्य
६) शिक्षक महासंघ गाँउपालिका अध्यक्ष - सदस्य
७) गाँउ कार्यपालिकाको बैठकवाट मनोनित कार्यपालिका सदस्य मध्ये २ जना -सदस्य
८) गाँउ कार्यपालिकाको बैठकवाट सामुदायिक बिद्यालयका शिक्षकहरु मध्येबाट मनोनित महिला शिक्षक एक जना -सदस्य
९)बढैयाताल गा.पा. भित्रका शिक्षकका क्रियाशिल संघ संगठनहरुले सिफारिस गरेका शिक्षक मध्येवाट आ.वि वाट १ जना र मा.वि वाट १ जना पर्ने गरि ३ जना -सदस्य (आ.वि तहको मिलान गर्दा आ.विको र मा.विको मिलान गर्दा मा.विको प्रतिनिधित्व हुने गरि)
१०)शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधि सदस्य -सचिव

**५. प्रधानाध्यापकको योग्यताः (शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ संशोधन सहितमा भएको व्यवस्था) हुनेछ ।**

(१) आधारभूत तह (१-५) को प्रधानाध्यापकको लागि शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र तह, दश जोड दुई वा सो सरह

(२) आधारभूत तह (१-८) को प्रधानाध्यापकको लागि शिक्षा शास्त्रमा स्नातक तह, वा सो सरह

(३) माध्यमिक तह (१-१०) को लाीग प्रधानाध्यापकको लागि शिक्षा शास्त्रमा स्नातक तह, वा सो सरह

(४) माध्यमिक तह (१-१२) को लाीग प्रधानाध्यापकको लागि स्नातकोत्तर तह, वा सो सरह

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक तह (१-१२) को प्रधानाध्यापकको लागि माध्यमिक तहमा स्थायी भई दश वर्ष सेवा गरेको र शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण वा सो सरह भएमा प्रधानाध्यापकको उम्मेदवार हुन सक्नेछ ।

**६. विद्यालयमा शिक्षक दरबन्दी र तह मिलान तथा तहगत प्रधानाध्यापक व्यवस्थापन प्रकृयाः**

१) बढैयाताल गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्थायी दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट तहगत रुपमा एउटा पनि दरबन्दी नभएका सामुदायिक विद्यालयहरुमा स्थायी शिक्षकहरुलाई पदस्थापन नभएसम्मका लागि दरबन्दी मिलान गरी (काजमा खटाई) तोकिएको प्रक्रिया अनुसार ५ वर्षका लागि विद्यालयको तहगत रुपमा प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापकको व्यवस्था गर्नका लागि दरबन्दी, तह र कक्षा मिलान तथा प्रधानाध्यापक व्यवस्थापन सिफारिस समितिले देहाएका मापदण्डहरुको आधारमा गाँउ शिक्षा समितिलाई सिफारिस गर्नेछ।

मापदण्डहरु

क) नोकरिको जेष्ठता (तह, श्रेणि र योग्यता)
ख) विषयगत मिलान ( एउटै विषय शिक्षक नदोहोरिने गरि)
ग) समावेशिता ( महिला , आदिवासि जनजाति, अपांगत र दलित)
घ) भौगोलिक दुरी

दरवन्दी मिलान (काज व्यवस्थापन) गर्दा आधारभूत तथा माध्यमिक तहमा दरवन्दि मिलान ( काज व्यवस्थापन) भै अन्य विद्यालयमा जान इच्छुक स्थायी शिक्षकहरु बाटअनुसुची १ बमोजिमको ढाचाँमा निवेदन माग गरी शिक्षक दरवन्दी मिलान तथा काज व्यवस्थापन समितिको सिफारिस बमोजिम शिक्षकको काज व्यवस्थापन हुनेछ र प्राथमिक तहको हकमा संघीय शिक्षा ऐन , दरवन्दि मिलान कार्यविधि २०७६ एवं बढैयाताल गा.पा.को स्थानिय शिक्षा ऐन वमोजिम

आवश्यकताको आधारमा दरवन्दी मिलन गरिने छ | विद्यालयको तह र विषयको आवश्यकताको आधारमा क्रमश निम्नानुसार व्यवस्थापन गरिनेछ ।

- यसरी यो कार्यविधि बमोजिम शिक्षक दरबन्दी,तह मिलान (शिक्षक काज) तथा प्रधानाध्यापक एवम काज व्यवस्थापन गर्दा यस पालिका अन्तर्गत आधारभूत तह (१–५) सञ्चालित विद्यालयहरुको हकमा शिक्षक विद्यार्थी अनुपात न्यून भएका विद्यालयबाट उक्त दरवन्दीलाई पुलमा राखी शिक्षक विद्यार्थी अनुपात बढी भएका पायक पर्ने विद्यालयमा पठाइनेछ । यसरी पुलमा राखिएका दरवन्दी सम्बन्धित विद्यालयले विद्यार्थी संख्या वृद्धि गरी शिक्षक विद्यार्थी अनुपात मिलाएमा दरवन्दी फिर्ता गरिनेछ र साविककै कक्षा सञ्चालन गर्न व्यवस्था मिलाइनेछ।
- वालविकास शिक्षक र विद्यार्थी अनुपात न्यून भएका विद्यालयहरुवाट पुलमा राखी अनुपात वढी भएको पायक पर्ने विद्यालयमा उपलब्ध गराउने साथै पुलमा राखिएका विद्यालयले वालविकास शिक्षक विद्यार्थी बृद्धि गरि अनुपात मिलाएमा पून फिर्ता गरिनेछ।
- मा.वि. मा प्र.अ. व्यवस्थापन गर्दा विषय मिलान समेत गर्नुपर्ने भएकोले प्र.अ. प्रयोजनका लागि पठाइएका स्थायी शिक्षक र सम्बन्धीत विद्यालयमा कार्यरत शिक्षकको विषय एउटै पर्न गएमा उक्त विद्यालयमा कार्यरत सम्बन्धित विषय शिक्षकलाई विषय मिलान हुने गरि पालिका भित्रका अन्य सामुदायिक विद्यालयमा काजमा पठाइने छ ।
- पालिका भित्र सञ्चालित मा.विहरुमा कम्तिमा ४ जना शिक्षकको सुनिश्चितता कायम गर्न आवश्यक शिक्षक संख्या पालिका अनुदानवाट नियूक्तिको व्यवस्था मिलाइने छ ।
- त्यसै गरि संघिय शिक्षा ऐन, नियमावली तथा बढैयाताल गाँउपालिकाको शिक्षा ऐन, शिक्षा नियमावली बमोजिम आवश्यक प्रक्रिया पुरा गरि मापदण्ड भन्दा कम विद्यार्थी संख्या भएका सामुदायिक तथा धार्मिक विद्यालयहरुलाई बढी विद्यार्थी सख्या भएका विद्यालयहरुमा गाभ्ने वा शिक्षक दरबन्दी पुलमा राखी विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुमा मापदण्ड बमोजिम विद्यार्थी संख्या पुरा गर्ने गरि कक्षा घटुवा गरिनेछ ।

(२) यस कार्यविधि अनुसार माध्यामिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापनका लागि काज व्यवस्थापन गरिएका शिक्षकहरुका कार्यसम्पादन मुल्यांकन, वृत्ति विकास ,विदा प्रमाणित, सेवा प्रमाणित लगायतका कार्यालय सम्बन्धी कागजातहरु पदस्थापन नभए सम्मका लागि साविककै पदाधिकार रहेको विद्यालयको दायित्वमा आउने गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

(३) विद्यालयले प्रधानाध्यापक छनौटका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्ने छ :

क) कुनै विद्यालयमा प्रधानाध्यापक पद रिक्त भएमा वा बहालवाला प्रधानाध्यापकको अवधि समाप्त हुने अवस्था भएमा विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्तिका लागि विद्यालयको प्रधानाध्यापक पद रिक्त भएको २१ दिन भित्र विद्यालयलले नियुक्ति प्रक्रियाका लागि गाउँपालिकाबाट अनुमति लिई कम्तिमा १५ दिनको समयसीमा राखी विज्ञापन गरी पदपूर्ति गर्नु पर्नेछ । हरेक विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि अनुसूची ५बमोजिमको प्रधानाध्यापक छनौट समिति रहनेछ ।

ख) आवेदकहरु मध्येबाट यस कार्यविधिको अनुसूची (२) बमोजिमको मुल्याङकनका आधार बमोजिम प्रधानाध्यापक छनौट गरिनेछ । त्यसरी छनौट गर्दा उच्चतम् अङक प्राप्त गर्ने एक जनालाई योग्यता क्रमका आधारमा छनौट गरी नियुक्तिका लागि सिफारीस गर्नुपर्ने छ । तर ६०

अङ्क प्राप्त नगर्ने उम्मेद्दवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

ग) समितिबाट खण्ड (ख) बमोजिम सिफारिस भएको उम्मेदवारलाई गाउँपालिकाले कार्य सम्पादन करार सम्झौता गरी नियुक्ति दिनेछ ।

(घ) प्रधानाध्यापक छनौट प्रक्रिया सुरुभएको १५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ ।

**स्पष्टीकरण**:यस कार्यको प्रयोजनका लागि प्रधानाध्यापक नियुक्ति को विज्ञापन गरेको दिनबाट छनौट प्रक्रिया सुरु भएको र प्रधानाध्यापक नियुक्त गरेको दिनलाई छनौट कार्य सम्पन्न भएको दिन मानिनेछ ।

(४) प्रधानाध्यापक नियुक्ति समितिले विद्यालयमा तहगतरुपमा स्थायी शिक्षकहरु मध्येबाट प्रधानाध्यापक नियुक्तिका लागि कार्यरत योग्यता पुगेका शिक्षकहरुले प्रधानाध्यापकको उम्मेद्वार हुन पाउने गरी प्रधानाध्यापक नियुक्ति प्रक्रिया सम्पादन गर्न सक्ने छ ।

५) माथि बुँदा नं.६.४ मा जुनसुकै कुरा लेखिएता पनि प्रधानाध्यापक छनौटका लागि विज्ञापन भई परीक्षा लिदा ६० अंक प्राप्त गरी उत्तीर्ण नभएमा पुन दोस्रो पटक विज्ञापन गर्दा सम्बन्धित विद्यालय बाहिरका प्रधानाध्यापक पदको उम्मेदवार हुन योग्यता पुगेका स्थायी शिक्षकले प्रधानाध्यापकका लागि आवेदन दिनकुनै वाधा पर्ने छैन ।

(६) शिक्षकको दरबन्दी मिलान तथा काज सरुवाका लागि मौजुदा स्वीकृत दरबन्दी, राहत, वाल शिक्षक र पालिकाको अनुदान र शिक्षण सिकाइ अनुदान दरबन्दीको समेतलाई आधार मानी शिक्षक दरबन्दी तहगत र विषयगतरुपमा अघिल्लो शैक्षिक सत्रको शैक्षिक तथ्याङ्कलाई आधार मानी गरिनेछ ।

(७) विद्यालयमा रहने शिक्षक दरबन्दी : विद्यालयमा रहने शिक्षक दरबन्दी विवरण अनुसूची ४ अनुसार रहने छ ।

**७. प्रधानाध्यापकको कार्यसम्पादन करार गर्नुपर्ने:**

(१) दफा ६ (३) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने व्यहोराको कार्यसम्पादन करार सामाजिक विकास समितिको संयोजक, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखको रोहवरमा गाँउपालिका प्रमुख र प्रधानाध्यापक वीच अनुसुची ७ बमोजिम प्रधानाध्यापकको कार्य सम्पादन सम्झौता गरी प्रधानाध्यापक पदमा नियुक्ति गरिनेछ ।

(२) प्रधानाध्यापकले कार्यसम्पादन करार बमोजिम कार्य सम्पादन गरे नगरेको सम्वन्धमा अनुगमन तथा मूल्याङ्कन शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

(३) शिक्षकको कार्य सम्पादन सम्झौता : प्र.अ. र शिक्षा समिति अध्यक्ष वीच कार्य सम्पादन सम्झौता भइसकेपछी यस कार्यविधिमा उल्लेखित अनुसूची बमोजिम वि.व्य.स.अध्यक्ष र वडा अध्यक्षको रोहबरमा सम्बन्धित विद्यालयको प्र.अ र शिक्षकको बिचमा कार्य सम्पादन सम्झौता गरिनेछ र शिक्षकले कार्यसम्पादन करार सम्झौता बमोजिम कार्य सम्पादन गरे नगरेको अनुगमन तथा मूल्याङ्कन शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

बेल्थाना गाउँपालिका

**८. प्रधानाध्यापकको काम कर्तव्य र अधिकारः**

प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयमा शैक्षिक वातावरण शैक्षिक गुणस्तर र अनुशासन कायम राख्ने,

ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक कर्मचारी र अभिभावकहरु वीच पारस्परिक सहयोगको वातावरण सृजना गर्ने,

ग) विद्यालयमा अनुशासन सच्चरित्रता शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्वन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भएनभएको निरीक्षण गर्ने,

ङ) विद्यालयमा सरसफाई अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

झ) विद्यालयमा भए गरेका महत्वपुर्ण काम कार्वाहीको अभिलेख राख्ने,

ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा  लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्ति गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पुरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कार्वाही गर्ने,

ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

ढ) शिक्षक वा कर्मचारीहरुलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

ण) सम्बन्धित निकायबाट स्थायी नियुक्ति, सरुवा पदस्थापना भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

त) महिनामा कम्तिमा एक पटक शिक्षक तथा कर्मचारीहरुको बैठक बोलाई विद्यालयको प्राज्ञिक भौतिक र शैक्षिक प्रशासन सम्बन्धित विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोत बाट तलव भत्ता खाने  गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस कार्यविधिमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्ति गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्वन्धी प्रतिवेदन पारीत गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

द) विद्यालय भवन तथा छात्रावासको हाता भित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

ध) विद्यालय प्रभावकारी रुपमा सञ्चालनको लागि  वार्षिक कार्य योजना बनाई व्यस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

न) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट छनौट गरी शिक्षा युवा तथा खेलकुद शाखाको अनिवार्य सिफारिसगराई पठाउने व्यवस्था गर्ने,

फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,
ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफुले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाव राख्ने तथा राख्न लगाउने,
भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा  नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,
म) कुनै शिक्षकले करार सम्झौता वमोजिक कार्य गरे नगरेको र आफुले  अध्यापन गरेको विषयमा लगातार तिन वर्ष सम्म १५ प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुसाशन हीन काम गरेमा त्यस्तो शिक्षकको २ वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,
य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकहरुलाई पनि लिन लगाउने,
र) स्वीकृत दरबन्दिमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,
ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको काम कर्तव्य तोक्ने,
व) बढैयाताल गाउँपालिका तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने
श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्धारा निर्धारति ढाँचा र समय भित्र गाउँपालिकामा पठाउने,
ष) विद्यालयका स्थायी शिक्षकको कार्यसम्पादन मुल्याङ्कन भरी बढैयाताल गाउँपालिकामा र आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,
स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फारम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षक किताबखानामा पठाउने,
ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष नागरिक लगानी कोष बीमा सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,
क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने,
त्र) प्रधानाध्यापक गाउँपालिका अभिभावक एवं विद्याथीप्रति जिम्मेवार हुनेछ र विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुनेछ ,
ज्ञ) विद्यालयको आर्थिक कारोबार तोकिएको मापदण्ड अनुसार सञ्चालन, नियन्त्रण र व्यवस्थापन गर्ने। साथै यसरी नियुक्ति भएका प्रधानाध्यापकले शिक्षा शाखा प्रमुख, वि.व्य.स अध्यक्ष र पि.टि.ए अध्यक्षको रोहवरमा अन्य शिक्षक तथा कर्मचारीहरुसंग कार्य सम्पादन सम्झौता गराउनुपर्ने छ ।

**यसका लागि:**

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने
२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले बढैयाताल गाउँपालिका सँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभुत गर्नुपर्ने
३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापक प्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि गाउँ शिक्षा समिति बढैयाताल गाउँपालिकाले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउने तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग अनुसुचि ८ बमोजिम कार्यसम्पादन सम्झौता गर्नु पर्ने छ ।

बढैयाताल गाउँपालिका

४) विद्यालयको भौगोलिक सेवा क्षेत्र भित्रका अभिभावक विहिन ,अलपत्र परेका र बेसहारा विषेश आवश्यकता भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई मापदण्ड बनाई बढैयाताल गाउँपालिका मार्फत छात्रावृत्ति वा विषेश व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धी हासिल हुने गरी सिकाउने तथा टिकाउने दायित्व विद्यालयको हुनेछ ।

**९. प्रधानाध्यापकको पदावधिः**

(१) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ । निज पुनःसो पदमा नियुक्ति हुन सक्नेछ ।

२) बुँदा नं. ९.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापकले गरेको कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराव रहेको विद्यार्थी संख्या र नतिजा घटदै गएको कुरा शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको अधिकृतले दिएको प्रतिवेदन वा व्यवस्थापन समितिको सिफारिसबाट देखिन आएमा गाउँशिक्षा समितिले निजलाई प्रधानाध्यापकको पद बाट जुनसुकै वखत हटाउन सक्नेछ । यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट भने बञ्चित गरिने छैन ।

**१०. प्रधानाध्यापक प्रोत्साहन भत्ता सम्बन्धमाः**

(१) यस बढैयाताल गाउँपालिका अन्तर्गत सञ्चालित समुदायीक विद्यालयका प्रधानाध्यापकहरुलाई कार्यसम्पादन सम्झौता बमोजिम कार्यसम्पादन गर्न प्रोत्साहन गर्नको लागि संघीय सर्शत प्रधानाध्यापक भत्ता वरावरको रकम स्थानीय तहबाट थप गरि उपलब्ध गराइनेछ ।

(२) प्र अ र शिक्षा समितिका अध्यक्ष विच गरिएको कार्य सम्पादन सम्झौताको कार्यान्वयको शैक्षिक सत्रको अन्त्यमा तपसिलको मूल्यांकन समितिले मापदण्ड बनाई मूल्यांकन गरि उत्कृष्ट कार्य सम्पादन गर्ने प्र अ लाई तपसिल बमोजिमको एकमुष्ट रकम प्रोत्सहान स्वरुप उपलब्ध गराईनेछ ।

तपसिल

१. सामाजिक विकास समितिका संयोजक –संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत –सदस्य
३. सम्बन्धित वडाको वडा अध्यक्ष –सदस्य
४. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष –सदस्य
५. शिक्षा शाखा प्रमखु वा प्रतिनिधि –सदस्य सचिव

| तह | प्रथम | द्धितिय | तृतिय |
|---|---|---|---|
| मा वि | १८००० | १५००० | १२००० |
| नि मा वि | १२००० | १०००० | ७००० |
| प्रा वि | १०००० | ७००० | ५००० |

बढैयाताल गाउँपालिका

**११. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

(१) सामुदायिक विद्यालयमा  कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भइ प्रधानाध्यापक व्यवस्थापन नभए सम्म वा प्रधानाध्यापकको पद पुर्ति नभएसम्मका लागि विद्यालय व्यवस्थापन समितिले सोही विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये बरिष्ठतम स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापकको रुपमा काम गर्ने जिम्मेवारी प्रदान गर्नुपर्नेछ।

**१२.सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना सहायक प्रधानाध्यापक रहनेछ । जसको नियुक्ति सम्बन्धित तह को वरिष्ठतम स्थायी शिक्षक लाई वि.व्य.सले गर्नेछ । सम्बन्धित तहमा स्थायी शिक्षक उपलब्ध नभएमा अन्य बरिष्ठतम शिक्षक लाई सहायक प्रधानाध्यापक तोक्न सकिनेछ ।

**१३. तलव भत्ता सम्बन्धी व्यवस्था :**

काज व्यवस्थापन भई गएका शिक्षकहरुको तलब भत्ताको निकासा काज व्यवस्थापन भएको विद्यालयमानै उपलब्ध गराईनेछ ।

**१४. पालिका शिक्षकको तलब भत्ता सम्बन्धी व्यवस्था :**

स्थायी दरबन्दी रहेका विद्यालयबाट काज व्यवस्थापन भई गएमा सम्बन्धित शिक्षक को तह र विषयअनुसार विद्यालयलाई देहायबमोजिमको पालिका शिक्षकको दशै भत्ता र पोशाक समेत गरीपारिश्रमिक उपलब्ध गराईनेछ। पालिका शिक्षकको नियुक्तिको प्रकृया बढैयाताल गाउँपालिका शिक्षा ऐन,२०७९ अनुसार गरिनेछ।

**तपसिल**

| विवरण | संघीय अनुदान | स्थानीय अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|
| शिशु स्याहार | | १३५००। | १३५००। | (मासिक) |
| कार्यालय सहयोगि | ८००० | प्रा वि ५०००।<br>निमावि ६०००।<br>मा वि ७०००। | १३०००।<br>१४०००।<br>१५०००। | (मासिक) |
| बाल शिक्षक | १००००। | ९०००। | १९०००। | (मासिक) |
| कार्यालय सहायक | १३५००। | ६५००। | २००००। | (मासिक) |
| आधारभूत तह (१-५) | | २५०००। | २५०००। | (मासिक) |
| आधारभूत तह (१-८) | | ३००००। | ३००००। | (मासिक) |
| माध्यामिक तह (१-१०) | | ३५,०००। | ३७,०००। | (मासिक) |
| माध्यामिक तह (१-१२) | | ३७,०००। | ४०,०००। | (मासिक) |

बढैयाताल गाउँपालिका

**१५. प्रधानाध्यापकको विदा र काज स्वीकृति सम्बन्धमा:**

कम्तिमा ७ दिन सम्म विदा लिनुपरेमा विब्यस अध्यक्षलाई जानकारी दिई आफै विदा स्वीकृत गर्न सक्नेछ। ७ दिन भन्दा बढी विदा लिई बस्नुपरेमा वा काजमा जानुपरेको अवस्थामा विद्यालय व्यस्थापन समितिको स्वीकृति लिई सोको जानकारी शिक्षा युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ ।

**१६. विद्यालय विकास प्रस्तावको ढाँचा:**

प्रधानाध्यापकको उम्मेद्बवार हुन चाहने शिक्षकले यस कार्यविधि बमोजिम व्यवस्थापन समिति समक्ष पेश गर्ने विद्यालय विकास प्रस्ताव अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरी अनिवार्य डिजिटल माध्यमद्वारा प्रस्तुतीकरण गर्नु पर्ने छ ।

**१७. विशेष व्यवस्था :**

**१)दरवन्दी मिलान** (शिक्षक काज व्यवस्थापन) भएको मितिले ७ दिन भित्र शिक्षा शाखावाट अनिर्वाय रुपमा काज व्यवस्थापनको पत्र बुझी पत्र बुझेका तीन दिनभित्र खटाइएको विद्यालयमा हाजिर भइसक्नु पर्नेछ ।

२) **दरवन्दी मिलान** (शिक्षक काज व्यवस्थापन) गरिएका शिक्षकलाई काज व्यवस्थापन गरिएको विद्यालयले अनिवार्य रुपमा ७ दिनभित्र हाजिर गराइ नियमानुसार निमित्त प्राधानध्यापकको जिम्मेवारी दिनुपर्नेछ । यदि त्यसो नगरिएमा बढैयाताल गाँउपालिकाको स्थानीय शिक्षा ऐन २०७९ को दफा २५ (२) को (क) र (ख) बमोजिम शिक्षा समितिका संयोजकले प्र.अ.को लागि योग्यता पुगेका शिक्षकलाई जिम्मेवारी दिन सक्नेछन। सोहि नियम बमोजिम बढैयाताल गाँउपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा तहगत रुपमा योग्यता पुगेका प्रधानध्यापकहरुको व्यवस्था हुनेछ ।

३) पालिका भित्र संचालित सम्पूर्ण विद्यालयहरुको सुपरिवेक्षण गर्नका लागि पालिका भित्रका माध्यमिक तहका स्थायी शिक्षकहरु मध्येबाट बढैयाताल गाँउपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरिवेक्षण कार्यविधि २०८० अनुसार (कम्तिमा १ जना महिला सहित २ जना ) विद्यालय सुपरिबेक्षक (School Supervisor) को व्यवस्था गरिनेछ। यसरि सुपरिबेक्षकमा नियुक्ति भएका शिक्षकहरुको सट्टामा सम्बन्धित विद्यालयमा पालिका शिक्षकको व्यवस्था गरिनेछ।

**१८.**शिक्षक काज व्यवस्थापनको लागि देहाय बमोजिकमा मापदण्डहरुको आधारमा सिफारिस समितिले शिक्षक काज व्यवस्थापनको लागि शिक्षकको र विद्यालयको नाम सिफारिस गर्नेछ ।

मापदण्डहरु

क) नोकरिको जेष्ठता (तह, श्रेणि र योग्यता)

ख) विषयगत मिलान ( एउटै विषय शिक्षक नदोहोरिने गरि)

ग) समावेशिता ( महिला , आदिवासि जनजाति, अपांगत र दलित)

घ) भौगोलिक दुरी

**१९.यस कार्यविधिमा उल्लेख नगरिएका विषयमा** निर्णय गर्ने अन्तिम अधिकार **गाउँकार्यपालिकामा** निहित रहनेछ ।

**२०.यो कार्यविधि प्रचलित ऐन कानुन संग वाझिएमा वाझिएको हद सम्म सोत खारेज हुनेछन ।**

बढैयाताल गाउँपालिका

अनुसूची १

( बुँदा नं. ६.१ सँग सम्बन्धित )

मिति

श्रीमान संयोजक ज्यु,
शिक्षक दरवन्दी मिलान सिफारिस समिति
बढैयाताल गाँउपालिका , बर्दिया ।

विषयः काज व्यवस्थापनका लागि निवेदन पेश गरेको ।

महोदय,

उपरोक्त विषयको सम्बन्धमा यसै बढैयाताल गाँ.पा अन्तरगत सञ्चालित विद्यालयमा दरवन्दी मिलान वा काज सरुवा भई जानको लागि मेरा निम्न विवरणहरु खुलाई यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

शिक्षकको नाम/थरः-

| जन्म मिति | तह | श्रेणी | सुरु नियुक्त मिति | वढुवा मिति | अनुभव अवधि | हाल कार्यरत विद्यालयको | | जान चाहेको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नाम | | | |
| | | | | | | ठेगाना | | | |
| | | | | | | सेवा अवधि | | १ | |
| | | | | | | देखि | सम्म | २ | |
| | | | | | | | | ३ | |
| | | | | | | | | ४ | |
| | | | | | | | | ५ | |
| | | | | | | | | ६ | |
| | | | | | | | | ७ | |
| | | | | | | | | ८ | |

बढैयाताल गाँउपालिका

| काज व्यवस्थापन भै जान चाहनुको कारण : | निवेदकको<br><br>नामः<br><br>पद/श्रेणीः<br><br>संकेत नं.:<br><br>विद्यालयः<br><br>दस्तखतः<br><br>मितिः |
|---|---|

बैद्यनाथ गाउँपालिका

## अनुसुची २
## ६.१ (प्रधानाध्यापक. सँग सम्वन्धित)

प्रधानाध्यापक छनौटका आधारहरु

| क सं | छनौटका आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| (१) | शैक्षिक योग्यता | २५ | |
| (क) | न्युनतम शैक्षिक योग्यता | १५ | |
| (ख) | माथिल्लो शैक्षिक योग्यता | १० | |
| (२) | शिक्षण अनुभव | २५ | |
| (३) | तलिम | १२ | |
| (क) | शैक्षिक तालिम | १० | |
| (ख) | विद्यालय व्यवस्थापन तालिम | २ | |
| (४) | अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ | |
| (५) | विद्यालय विकास प्रस्तावत | १४ | |
| (क) | विद्यालय विकास प्रस्ताव | १० | |
| (ख) | विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ | |
| (६) | नेतृत्व लिने क्षमता | १२ | |
| (क) | बढैयाताल गाउँपालिका शिक्षा युवा तथा खेलकुद | ५ | |
| (ख) | व्यवस्थापन समितिको मुल्याङ्कनबाट | ५ | |
| (ग) | सम्वन्धित विद्यालयका शिक्षकहरुको मुल्याङ्कनबाट | २ | |
| | जम्मा | १०० | |

बढैयाताल गाउँपालिका

द्रष्टव्यः

(१) न्युनतम शैक्षिक योग्यता बापत अङ्क प्रदान गर्दा न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अंक, द्धितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ ।माथिल्लो शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक, द्धितीय श्रेणीको लागी ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ। माध्यामिक तहको विद्यालयको प्रधानाध्यापक. को हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम फिल लाई जनाउनेछ ।
तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए १० अङ्क, द्धितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

(२) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्वन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्धितीय श्रेणीको भए २अङ्कको दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढिमा २५ अङ्क दिइनेछ ।

(३)तालीम अन्तर्गत शैक्षिक तालीम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, दि्बतीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।श्रेणी नखुलेको तालीमलाई द्धितीय श्रेणीको अङ्क दिइनेछ ।शिक्षकले सम्वन्धित तहको लागि लिएको कुनै एउटा तालीम वापत मात्र अङ्क पाउनेछ ।तालीम अन्तर्गत विद्यालय व्यवस्थापन तालीम वापत एकमुष्ट २ अङ्क प्रदान गरिनेछ ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको वढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ ।अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछः-

अध्यापन गरेको विषयको कक्षागत औषत उत्तीर्ण प्रतिशत× ४
सम्वन्धित विषयको भौगोलिक इकाइको औषत उत्तीर्ण प्रतिशत

(क) भौगोलिक इकाईको औषत प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ ।यस खण्डको प्रयोजनका लागि ‘’भौगोलिक इकाई” भन्नाले स्थानीय तहलाई जनाउँछ ।

(ख) सम्वन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापक उम्मेदवार भएको अवस्थमा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धिको आधारमा यस खण्ड अनुसारको मुल्याङ्कन गर्नु पर्नेछ ।
(५) तोकिएको अनुसूची ३ बमोजमिको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक १० र सोको प्रस्तुतीकरण वापत ४ अक दिइनेछ ।
(६) बढैयाताल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेद्ववारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछः

| मूल्याङ्कनका आधारहरु | अतिउत्तम (१.२५) | उत्तम (१.००) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यार्थी शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्वन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ)उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

(७) सम्वन्धित विद्यालयका शिक्षकहरुले मूल्याङ्कन गरी अंक प्रदान गर्दा खण्ड ६ मा उल्लेखित मूल्याङ्कनको आधारमा अतिउत्तम उत्तम मध्यम सामान्य वापत क्रमशः २,१.५, १ र ०.५ अंक प्रदान गर्नु पर्नेछ ।शिक्षक छनौट समितिले व्यवस्थापन समितिद्बारा तोकिएको अवधिभित्र शिक्षकहरुबाट प्राप्त मूल्याङ्कनको औषत अंक निकाल्नु पर्नेछ। शिक्षकहरुले अलग अलग फाराममा गोप्य मूल्याङ्कन गरी व्यवस्थापन समितिले तोकेको अवधिभित्र आफ्नो मूल्याङ्कन शिक्षक छनौट समितिलाई बुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन ।
(८)व्यवस्थापन समितिले उम्मेदवारको मूल्याङ्कन गर्दा बैठक वसी लिखित निर्णय गर्नु पर्नेछ

बढैयाताल गाउँपालिका

## अनुसुचि -३
## (१६ सँग सम्बन्धित)
## विद्यालय विकास प्रस्तावको ढाँचा

**प्रथम खण्ड**

**विद्यालयको अवस्था विश्लेषण**

१.१पृष्ठभुमि

१.२ विद्यालयको सेवा क्षेत्रको विश्लेषण

१.२.१ विद्यालयको सेवा क्षेत्रः सेवा क्षेत्रभित्र पर्ने गाउँ शहर टोल खलाउने र पूर्वनिर्धारित चारकिल्लाको विवरण उल्लेख गर्ने ।

१.२.२ सेवा क्षेत्रको आर्थिक सामाजिक भौतिक प्राकृतिक अवस्थाः सेवा क्षेत्रभित्रका व्यक्तिहरुको पेशा, आर्थिक गतिविधि ,गरीवीको अवस्था, विकासका पुर्वाधारको अवस्था, सामाजिक सचेतनाको स्तर, प्रकाकृतिक स्रोत साधन आदि विषयको संक्षिप्त विश्लेषण गर्ने ।

१.२.३ सेवा क्षेत्रको जनसांख्यिक तथा शैक्षिक अवस्था विश्लेषणः सेवा क्षेत्रको जनसंख्याको विवरण र उक्त क्षेत्रको शैक्षिक सूचकहरुको अवस्था (जस्तै साक्षरता विद्यालयको पहुच ) नागरिकको शिक्षा प्रतिको चासो र जनसहभागिता आदि विषयको विश्लेषण गर्ने ।

१.३ विद्यालयको मौजुदा अवस्थाको विश्लेषण

१.३.१ विद्यालयको भौतिक अवस्थाको विश्लेषण विद्यालयको जग्गा, भवन ,फर्निचर, शौचालय ,प्रयोगशाला, कम्प्युटर, खानेपानी आदि भौतिक स्रोत साधनको विवरण तिनिहरुको प्रयाप्तता र उपयोगको अवस्था सम्बन्धमा विश्लेषण गर्ने

१.३.२ विद्यालयको शैक्षिक अवस्थाको विश्लेषणः विद्यार्थीको विवरण ( भर्नादर, टिकाउ दर, कक्षा चढ्ने दर ,सिकाई उपलब्धि स्तर आदि सूचकका आधारमा) शिक्षक विवरण(शिक्षकको नाम ठेगाना, शैक्षिक योग्यता ,तालिम, सेवा अवधि, अध्यापन गर्ने विषय आदि ) को तथ्याङक प्रस्तुतीकरण गरी अवस्थाको सख्यात्मक र गुणात्मक विश्लेषण समेत गर्ने ।विद्यार्थीको शैक्षिक उपलब्धि स्तरको बारेमा समेत थप विश्लेषण गर्ने ।अध्यापन योजना सिकाई सामग्री प्रयोग, निरन्तर मुल्याङकनको अवस्था, परीक्षा व्यवस्थापन, पाठ्यक्रम एवम् पाठ्यपुस्तक प्रयोगको अवस्था आदि विषयमा पनि विश्लेषण गर्ने ।

१.३.३ विद्यालयको आर्थिक अवस्थाको विश्लेषणः विद्यालयको लेखा प्रणाली ,आय स्रोत, स्रोत पहिचान, लेखा परीक्षण ,आय व्ययको विवरण प्रस्तुत गरी त्यसको आवश्यक विश्लेषण समेत गर्ने

१.३.४ विद्यालयको व्यवस्थापकीय अवस्थाको विश्लेषणः विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ ,समुदायको सक्रियता एवम् सहयोग सम्वन्धमा विश्लेषण गर्ने ।

१.३.४ अतिरिक्त क्रियाकलापको विश्लेषणः खेलकुद , सदन विभाजन, साहित्यिक गतिविधि, संगीत, बालक्लव गठन , जु.रे.स , सरसफाई अभियान, फुलवारी व्यवस्थापन, अभिभावक जागरण आदि विषयमा विश्लेषण गर्ने ।

१.४ विद्यालयको रणनीति(सबल पक्ष ,दर्वल पक्ष, अवसर र चुनौति विश्लेषण)

१.४.१ विद्यालयको सवल पक्षहरु

१.४.२ विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु

१.४.३ विद्यालयका अवसरहरु

१.४.४ विद्यालयका चुनौतिहरु

**द्वितीय खण्ड**

**विद्यालय सुधार प्रस्ताव**

२.१ विद्यालयको दूरदृष्टि ,लक्ष्य र उद्देश्य

२.२ विद्यालयका विद्यमान समस्याहरुको विश्लेषण ,समाधान र विद्यालयको सुधार

२.२.१ विद्यालयको विद्यमान समास्याहरुको विश्लेषण

२.२.२ समस्या समाधानकालागि गरिने प्रमुख सुधार कार्यहरु

२.२.३ सुधार कार्यहरुको प्राथमिकीकरण

२.२.४ विद्यालयको अवस्था सुधार गर्नको लागि अवलम्वन गरिने मुख्य रणनीति

२.२.५ विद्यालय सुधारका कार्यक्रमहरु

२.३ विद्यालय विकास योजना (रणनीति र कार्यनीति सहित) सुधारको ५ वर्षे कार्ययोजना

| सुधारको क्षेत्र | सुधारका क्रियाकलापहरु | कार्यप्रक्रिया | वर्तमान अवस्था | लक्ष्य निर्धारण | स्रोत व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | १. | | | | | |
| | २. | | | | | |
| | ३. | | | | | |
| आर्थिक पक्ष | १ | | | | | |
| | २ | | | | | |
| | ३ | | | | | |
| शैक्षिक पक्ष | १ | | | | | |
| | २ | | | | | |
| | ३ | | | | | |
| व्यवस्थापकिय पक्ष | १ | | | | | |
| | २ | | | | | |
| | ३ | | | | | |

(नोटः ठाउँ र सूचक अपुग भएमा थपघट गर्न सकिने)

२.५ वार्षिक कार्यान्वयन योजनाः

२.६ संस्थागत क्षमता विकास योजना

बैठ्याताल गाँउपालिका

## अनुसूची ४
## विद्यालयमा रहने शिक्षक दरवन्दी

**क) पूर्व प्राथमिक विद्यालय :** पूर्व प्राथमिक विद्यालयमा २० जना विद्यार्थी बराबर एकजना शिक्षक । निर्धारित संख्याको ५० % भन्दा वढी विद्यार्थी संख्या भएमा मात्र शिक्षक थप गरिनेछ ।

**ख) आधारभूत तह (१–५)** : पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा दुई जना र सोभन्दा बढी विद्यार्थीभएमा कम्तीमा तीन जना शिक्षक ।

**ग) आधारभूत तह (१–८ ):**

**१. ६ कक्षा देखि ८ कक्षासम्म** सञ्चालन भएको विद्यालयमा निम्न माध्यमिक तहको चारजना शिक्षक

२. १ कक्षा देखि ८ कक्षा सञ्चालन भएको विद्यालयमा कम्तीमा सातजना शिक्षक

(१) अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

(२) विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

(३) नेपाली वा संस्कृत मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

४) सामाजिक मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

(५) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको तीनजना

**घ) माध्यमिक विद्यालयमा :**

१. ९ कक्षा देखि १२ कक्षासम्म सञ्चालन भएको विद्यालयमा ८ जना शिक्षक

२. ६ कक्षा देखि १० कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक

(२.१) अंग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.२) विज्ञान मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.३) नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.५) गणितमूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.६) अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.७) विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

(२.८) अन्य विषय प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको दुईजना

३. १ कक्षा देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ग) को उपखण्ड २ बमोजिमको दरबन्दीमा प्राथमिक तहको कम्तीमा तीनजना शिक्षक रहनेछ ।

४.कक्षा (९–१२) सञ्चालन भएका विद्यालयहरुमा स्नातकोत्तर उत्तीर्ण कम्तिमा ३ जना

**अनुसूची ५**

**६.३ सगँ सम्बन्धीत ( प्रधानाध्यापक. छनौट समिति)**

१) सम्बन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष संयोजक
२) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा
निजले तोकेको प्रतिनिधि सदस्य
३)सम्बन्धित तह र योग्यतानुसारको २ जना विषय विज्ञ
४)सम्बन्धित विद्यालयको शिक्षक
(प्रधानाध्यापक.मा आवदेन नदिएको ) सदस्य-सचिव

(पुनश्य ) १शिक्षा शास्त्रमा स्नातकोत्तर तह उतीर्ण शिक्षक वा दश वर्ष स्थायी सेवा गरेका शिक्षक वा सेवा निवृत्त शिक्षक वा शिक्षा प्रशासनका कर्मचारीहरु मध्येबाट वि.व्य.स.ले विषय विज्ञको रुपमा मनोनित गर्नु पर्नेछ ।
२) सदस्य सचिव छनौट गर्दा प्रधानाध्यापक छनौटका लागि आवदेन पेश नगरेका सम्बन्धित विद्यालयको वरिष्ठतम शिक्षक लाई सदस्य सचिवमा नियुक्ति गर्नु पर्नेछ ।

बढैयाताल गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा,मैनापोखर ।

बढैयाताल गाउँपालिका

## अनुसुची ६

**विद्यालयको व्यवस्थापकीय सुधार तथाशैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापक र पालिका प्रमुख बीच गरिएको कार्यसम्पादन सम्झौता २०८१**

श्री ..............................................आधारभूततथामाध्यमिकविद्यालय, बढैयाताल गाउँपालिका, वडा नं. ... को प्रधानाध्यापक म ................................................... विद्यालयको समग्रव्यवस्थापकीय सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि देहायअनुसारगर्ने गरी गाउँपालिका प्रमुख श्री  समक्ष कार्य सम्पादन सम्झौतागर्दछु ।

१.विगत शैक्षिक सत्रहरुबाट प्रारम्भिक कक्षादेखि अंग्रेजी तथा नेपाली भाषाकोमाध्यमबाट पठनपाठन गर्न विद्यार्थी भर्ना अभियान, शिक्षक तयारी, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री व्यवस्थापनसहितको वार्षिक शैक्षणिक योजनानिर्माण गर्ने ।

२.विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा प्रत्येक वर्ष असार मसान्त भित्रविद्यालय सुधार योजना निर्माण वा पुनरावलोकन गरी शिक्षा शाखा मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

३.गाउँपालिका शिक्षा नियमावली, २०७९ बमोजिम विद्यालय सञ्चालन गरीप्रधानाध्यापक र सबै शिक्षकहरूबाट पाठ्यक्रममा तोकिएका शिक्षण घण्टी अनिवार्य रुपमापठनपाठन गर्ने व्यवस्था पालना गर्ने तथा त्यसको अनुगमन र मुल्यांकन गर्ने ।

४.गाउँपालिकाको शैक्षिक क्यालेण्डर अनुसार शिक्षण सिकाइ क्रियाकलापसञ्चालन, विद्यार्थी मूल्याङ्कन, परीक्षा सञ्चालन र अतिरिक्त क्रियाकलापसञ्चालन गर्ने तथा विद्यार्थीहरुको प्रतिभा पहिचान गर्न प्रत्येक शुक्रबार १बजे पछि अतिरिक्त क्रियाकलाप र समय समयमा विद्यालय स्तरीय प्रतियोगिताहरुसञ्चालन गर्ने ।

५.विद्यालयमा पुस्तकालय, सूचना प्रविधिको सुविधा, श्रव्य दृश्यसामग्रीको प्रयोग गर्न सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक पूर्वाधारविकास र शिक्षक तयारी कार्य गर्ने ।

६.सबै शिक्षकहरुबाट शैक्षिक सत्रको प्रारम्भमा नै आवश्यक शैक्षिकसामग्रीको सूची तयार गरेर स्थानीय स्तरमा पाइने Low cost, No cost सामग्री निर्माण तथा व्यवस्थापन गरी दैनिक पाठयोजना निर्माण गरी सिकाइसहजीकरण क्रियाकलाप गर्ने , गराउने ।

७. शैक्षिक सत्रको अन्त्यमा प्रत्येक शिक्षकलाई आफूले शिक्षण गरेकोविषयको सिकाइ उपलब्धी एकीन गर्न लगाई आगामी सत्रका लागि शिक्षण सुधार योजना (Teaching improvementplan, TIP) सहित विषय, कक्षा र तहगत सिकाइ उपलब्धी रलक्ष्य प्रक्षेपण गरी शिक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।

८. शैक्षिक सत्र २०७९ को औषत सिकाइ उपलब्धीलाई प्रत्येक वर्ष न्युनतम २-५ प्रतिशतका दरले वृद्धि गर्ने ।

९. विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय पक्ष समेटेरप्रत्येक वर्ष सामाजिक परीक्षण गराई भाद्र महिना भित्र गाउँकार्यपालिकाकोकार्यालयमा प्रतिवेदन पेश गर्ने ।

१०. सामाजिक परीक्षण र लेखा परीक्षणको प्रतिवेदन सरोकारवाला समक्षप्रवोधिकरण गरी सोको संक्षिप्त विवरण सबैले देख्ने गरी विद्यालयकोकार्यकक्षमा टास्ने व्यवस्था मिलाउने ।

११. विद्यालयको शैक्षिक तथ्यांक तोकिएको ढाँचामा भरेर प्रत्येक वर्ष जेठ१० गतेभित्र गाउँपालिकामा पेश गर्ने र सो तथ्यांकको सारांश तालिकासार्वजनिक गर्ने ।

बढैयाताल गाउँपालिका

१२. गाउँकार्यपालिकाको कार्यालय र अन्य निकायबाट विद्यार्थीका लागिप्राप्त विभिन्न किसिमका छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक लगायतकासुविधाहरु तोकिएको समयमा विव्यसको निर्णयबाट अभिभावक समेतको उपस्थितिमावितरण गर्ने ।

१३. विद्यालयको शिक्षक तथा कार्मचारीको हाजिरीको प्रभावकारी कार्यान्वयन गरी सोको अभिलेख गाउँपालिकामा पेश गर्ने ।

१४.विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिकसहयोग अभिवृद्धि र शैक्षिक सुधारको वातावरण सिर्जना गर्न वर्षको न्युनतमचार पटक अभिभावकहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने ।

१५.शिक्षा नियमावलीअनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकसंघ लगायतका समितिहरु समयमै गठन गर्ने, वैठकलाई नियमित गरी शैक्षिक गुणस्तरसुधार एजेण्डामा केन्द्रित गर्ने ।

१६.विद्यालय परिवारबाट शिक्षक तथा विद्यार्थीका आचारसंहिता स्वीकृत गराई सार्वजनिक गर्ने र पालना गर्नेे, गराउने ।

१७.विद्यालय हातालाई शिक्षक तथा विद्यार्थीको सहभागितामा फूलबारी तथा करेसाबारीको व्यवस्था गरी स्वच्छ, मनोरम र हराभरा बनाउने ।

१८.विद्यालयमा स्वीकृत पाठ्यक्रम अनिवार्य रुपमा लागू गर्ने र आवश्यक सन्दर्भ सामग्रीहरुको प्रबन्ध गरी प्रयोगको व्यवस्था मिलाउने ।

१९. विद्यालयका तल्ला कक्षाहरुमा धुलो रहित भुईं, सरसजावट गरी बालमैत्रीकक्षाकोठा व्यवस्थापन गर्ने तथा बालबालिकाहरुको सर्वाांिगंण विकासमा सहयोगपुग्ने खालका खेल सामग्रीहरुको व्यवस्था गर्ने ।

२०.व्यवस्थापन समितिको अध्यक्ष र शिक्षा प्रमुखको रोहबरमा शिक्षकहरुसँगकार्यसम्पादन सम्झौता गरी सोको एक प्रति गाउँ कार्यपालिकाको कार्यालयमापठाउने ।

२१.प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले शिक्षकतथा विद्यार्थीको नियमितताको अनुगमन गरी आवश्यक सुभाव दिने रप्रधानाध्यापकले शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने ।

२२.विद्यालयमा उत्कृष्ट सिकाइ उपलब्धी ल्याउने विषय शिक्षकलाई पुरस्कृतगर्न र कर्तव्य पालना नगर्ने शिक्षकलाई दण्डका लागि विद्यालय व्यवस्थापनसमितिबाट गर्न नसकिने विषयमा गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

२३.बढैयाताल गाउँपालिका क्षेत्रलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकासगर्ने गाउँपालिकाको नीति अनुरुप शैक्षिक गतिविधिहरु सञ्चालन गर्ने ।

२४. गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त परिपत्र तथा निर्देशनहरुको पालना गर्ने गराउने ।२५. उत्कृष्ट विद्यालय, प्रधानध्यापक, शिक्षकलाई सम्मान, प्रशंसा, पुरस्कार प्रदान गर्ने गाउँपालिकाको नीति बमोजिम उत्कृष्ट कार्य गर्नव्यवस्थापन समिति, अभिभावक र विद्यार्थीहरुवीच समन्वय गरी शैक्षिक गुणस्तर रवातावरण वृद्धि गर्न प्रतिबद्ध हुने ।

२६. शिक्षकहरुको क्षमता विकासका लागि आवश्यकता पहिचान गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

२७. गाउँपालिकाबाट आयोजित चौमासिक समिक्षा कार्यक्रममा कार्य प्रगति लिखित रुपमा पेश गर्ने

उल्लिखित कार्यहरुको कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी समेतको सहभागितामा हरेक वर्षको जेठमहिना भित्र कार्ययोजना बनाई शिक्षा शाखा मार्फत गाउँकार्यपालिकाकोकार्यालयमा प्रधानाध्यापकबाट पेश गरिने छ र सोहि कार्ययोजना अनुसार कार्यगर्न शिक्षा युवा तथा खेलकुद शाखा बढैयातालबाट आवश्यक सहजीकरण हुने छ ।

बढैयाताल गाउँपालिका

प्रधानाध्यापकको नाम थर : अध्यक्ष :
दस्तखत ......................... दस्तखत ............................
विद्यालयको नाम र ठेगाना : शिक्षा समिति बढैयाताल गाउँपालिका
विद्यालयको छाप कार्यालयको छाप

रोहवर

नाम : .................... नाम :
पद : शिक्षा अधिकृत अध्यक्ष :
दस्तखत......... दस्तखत...................
बढैयाताल गाउँपालिका वडा शिक्षा समिति वडा नं..................
बढैयाताल गाउँपालिका

मितिः २०।...।...

हिमालय त्रिपाठी

अध्यक्ष

बढैयाताल गाउँपालिका